आज मिति २०८०/१२/२८ गते **बुधबारको दिन** यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को सोह्रौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………………………………………………

१७. प्रशासन शाखा प्रमुख श्री प्रकाश अधिकारी……………………………………………………………………

१८.लेखा अधिकृत श्री ईश्वरी प्रसाद पाण्डे ..........................................................................................

१९. कम्प्युटर अपरेटर लक्ष्मी चुहान…………………………………………………………......

२०.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी.......................................................................................

२१. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन…………………………………………………….

**प्रस्तावहरूः-**

१. कक्षा थपको अनुमति सम्बन्धमा।
२. ढुङ्गा गिटी वालुवाको अमानतबाट राजस्व संकलन गर्ने सम्बन्धमा।
३. विविध।

मिति: २०८०/१२/२८ ने.सं. ११४४ चौलाथ्व २ बुधबार बैठक संख्या - १६

**निर्णय नं. -१**

शैक्षिक सत्र २०८१ बाट कक्षा थपका लागि यस गाउँपालिकामा निवेदन दिएका तपसिलका विद्यालयहरूलाई आफ्नै आन्तरिक स्रोतबाट शिक्षक व्यवस्थापन तथा कक्षा सञ्चालन गर्ने शर्तमा प्रचलित ऐन कानूनको अधीनमा रही कार्य गर्ने गरी कक्षा थपको अनुमति दिने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | विद्यालयको नाम | हाल सञ्चालनमा रहेको कक्षा | अनुमति प्रदान गरिएको कक्षा | कै. |
|---|---|---|---|---|
| १. | श्री साम्रे आधारभूत विद्यालय, हिलिहाङ-३, पाँचथर | १-५ | कक्षा-६ | |
| २. | श्री लालिगुराँस आधारभूत विद्यालय, हिलिहाङ-६, पाँचथर | १-३ | कक्षा-४ | |
| ३. | श्री सिंहपुर इङ्लिस मिडियम स्कुल, हिलिहाङ-२, सिंहपुर | १-४ | कक्षा-५ | |

**निर्णय नं. –२.**

यस गाउँपालिकाको खोला क्षेत्रबाट नदीजन्य ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् गर्ने कार्य प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बमोजिम वार्षिक रूपमा संकलन जम्मा २७,२९२ घ.मि. कुल जम्मा हुने रकम रु. ६७,४१,४५५/- (अक्षरेपी सतसट्ठी लाख एकचालिस हजार चार सय पचहत्तर रुपैयाँ) हुन आउने रकम बराबरको आवश्यक ठेक्का प्रक्रिया दुई वटा खण्डमा विभाजन गरी पहिलो पटक प्रकाशित मिति २०८०/१०/०५ गते र दोस्रो पटक प्रकाशित मिति २०८०/११/१८ मा ठेक्का आह्वान गर्दा पनि कुनै फर्म कम्पनी वा ठेकेदारले बोलपत्र पेश नगरेको हुँदा ढुंगा गिट्टी बालुवाको उत्खनन् तथा बिक्री वितरण कार्य अमानतबाट गर्नुपर्ने भएको हुँदा कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८० बमोजिम भ्याट बाहेक प्रति क्यू फिट रु. ७/- (अक्षरेपी सात रूपैयाँ)का दरले ट्याक्टर, ट्रिपर र १० चक्के ट्रिपरको क्षमताका आधारमा राजस्व असुल गरी नदीजन्य पदार्थ संकलन गर्नुपर्ने भएकोले गाउँपालिकाको तोकिएको स्थानबाट मात्र गाउँपालिकाबाट खटाइएका कर्मचारी वा वडाले सिफारिस गरेको स्थानीय व्यक्तिबाट देहायको रकमको रसिद कटाई/लिई नदी तथा खोलामा जाने र ढुङ्गा गिट्टी बालुवाको बिक्री वितरण गर्ने देहाय बमोजिम राजस्व संकलन गर्ने र सो वापत राजस्व संकलनकर्तालाई प्रति ट्रिप रु. ५०/- (□□□□□□□□□ □□□□ □□□□□□□□) □□□ कार्यालयले उपलब्ध गराउने निर्णय गरियो।

**देहायः**

| सि.नं. | सवारी साधनको नाम | क्षमता क्यूविक फिट | राजस्व रकम भ्याट सहित | कैफियत |
|---|---|---|---|---|
| १. | ट्याक्टर | ८८.२० क्यू फिट | ६७८/- | २.५ घन मिटर |
| २. | ट्रिपर ६ चक्के | २६४.६ क्यू फिट | २०९३/- | ७.५ घन मिटर |
| ३. | ट्रिपर १० चक्के | ४४१ क्यू फिट | ३४८९/- | १२.५ घन मिटर |

**निर्णय नं. -३.**

**विविध**

क. विशेष अनुदान तर्फको अपाङ्गता भएका व्यक्ति तथा घरपरिवारलाई सीपमूलक तालिम सहित प्रविधि हस्तान्तरण तर्फ विभिन्न ९ वटा तालिममा सहभागिताको माग गरिएकोमा ८ वटा तालिमको लागि प्रस्तावना बमोजिम सहभागी संख्या अपुग भएका साथै समयसीमाको हिसाबले समेत कार्यान्वयन गर्न कठिन भएकोले इविड मार्फत यस कार्यालयमा सुचिकृत भएका परामर्श दाता मार्फत आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी ३० जना सहभागीलाई १५ दिने पशुपालन तर्फ बंगुरपालन, कुखुरापालन तथा गाईपालन सम्बन्धी तालिम सञ्चालन र जिविकोपार्जनको लागि आवश्यक पर्ने बोका, बंगुर, गाई तथा कुखुरा तथा आवश्यक पर्ने औषधी र औजार वितरण गर्ने गरी तालिम सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ख. आ.व. २०८०/०८१ को वार्षिक बजेटबाट दिगो विकासका लक्ष्य/अन्तराष्ट्रिय प्रतिवद्धताको खर्च शीर्षक अन्तर्गत विनियोजित रकम रु. ५०००००/- बाट "हिलिहाङ गाउँपालिका दिगो विकास लक्ष्य स्थानीयकरण कार्ययोजना, २०८०" तर्जुमा गर्नका लागि परामर्शदाताबाट प्रस्ताव आव्हान गरी खरीद ऐन र नियमावली बमोजिम कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ग. हिलिहाङ गाउँपालिका वडा नं. ५ स्थित सुभाङ सिँचाई आयोजनाको ओराङफुङमा गत २०८०/१२/१५ गतेका दिन डँडेलो लागेर उक्त आयोजनाको पाइपमा आंशिक क्षति भएकोले उक्त क्षति भएको २५ फुट पाइप नष्ट भएकोले प्राविधिक लागत अनुमान बमोजिम हुन आउने रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

घ. हिलिहाङ गाउँपालिका क्षेत्रको मेची राजमार्ग सडकखण्डबाट शाखा सडकमा ड्रेन कभरको आवश्यक व्यवस्थापन गर्न सडक डिभिजन इलामलाई अनुरोध गर्ने।

ङ. यस गाउँपालिकाको लागि कोल्ड स्टोर निर्माण गर्न जग्गा प्राप्तिको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

च. यस गाउँपालिकाको ऐतिहासिक तथा धार्मिक पर्यटकीय स्थल जोरपोखरीलाई अमानतबाट सरसफाई कार्य सम्पन्न गरी कन्टिन्जेन्सी शीर्षकबाट रु.३०,०००/- (अक्षरेपी तीस हजार रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

छ. हिलिहाङ गाउँपालिका वडा नं ३ मा सञ्चालित नेपाल शेर्पा संघ, बजार व्यवस्थापन समिति तथा कल्चरल ग्रुपको संयुक्त आयोजनामा मिति २०८०/१२/२७ गतेदेखि २०८१/०१/०१ गतेसम्म नयाँ वर्षको पावन अवसरमा वडास्तरीय पुरूष फुटबल प्रतियोगिता सञ्चालनको लागि रु. ५०,०००/- (अक्षरेपी पचास हजार रुपैयाँ) अन्य आर्थिक सहायता शीर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।